नेपाल सरकार
गृह मन्त्रालय
# प्रहरी प्रधान कार्यालय
## साईबर ब्यूरो

९८५१२८६७७०
फोन: ०१-४२१९०४४
Ext:

Email: cyberbureau@nepalpolice.gov.np

भोटाहिटी, काठमाण्डौ
मिति: २०७८-०२-३१ गते।

# प्रेस विज्ञप्ती

**नावालिकाको फेसवुक म्यासेन्जरमा अश्लिल तस्विर/भिडियो पठाउने र व्यक्तीको तस्विरको स्वरुप परिवर्तन गरी प्रकाशन/प्रदर्शन गर्ने व्यक्तिहरु पक्राउ।**

नावालिका परिवर्तित नाम **साईवर ब्यूरो ५२ (२०७७/०७८)** लाई जिल्ला काठमाण्डौ, काठमाण्डौ महानगरपालिका वडा नं. १७ डल्लु बस्ने वर्ष २६ को सानु पोडेले पीडितको फेसबुक म्यासेन्जरमा पटक पटक अश्लिल भिडियो पठाउने तथा पिडितको अनुहार एवं अपरिचित महिलाको नग्न शरीर जोडि Morphed तस्विर/भिडियो पठाई दु:ख हैरानी दिनुका साथै चरित्र हत्या गर्ने कार्य गरेकोले निजलाई ब्यूरोको टोलिद्वारा मिति २०७८-२-२८ गते काठमाण्डौबाट पक्राउ गरिएको।

त्यसै गरी, सामाजिक संजाल Facebook, Tiktok, Youtube लगायतमा व्यक्तिहरुको तस्विर/भिडियो दुरुपयोग गर्दै Photoshop, Mutilate गरी प्रचलित कानूनले प्रकाशन तथा प्रदर्शन गर्न नहुने भनी रोक लगाएका सामाग्रीहरु सार्वजनीक नैतिकता, शिष्टाचार विरुद्धका सामाग्री, कसै प्रती घृणा वा द्वेष फैलाउने, चरित्र हत्या गर्ने उद्देश्यबाट प्रकाशन/प्रसारण गर्ने जिल्ला बाग्लुङ, बाग्लुङ नगरपालिका वडा नं. ८ सिगाना बस्ने बर्ष ५२ को रामेन्द्र खड्कालाई जिल्ला प्रहरी कार्यालय बाग्लुङको सहयोगमा यस ब्यूरोबाट खटी गएको टोलिद्वारा मिति २०७८-२-२८ गते पक्राउ गरीएको। साथै, पक्राउ परेका दुबैलाई सम्मानित काठमाण्डौ जिल्ला अदालतको आदेशबाट सात/सात (७/७) दिनको म्याद लिई आवश्यक अनुसन्धान भैरहेको।

प्रवक्ता एवं सूचना अधिकारी
(नविन्द अर्याल)
प्रहरी वरिष्ठ उपरीक्षक

*पुनश्च:- अश्लिल तथा यौनजन्य सामाग्रीहरु कम्प्यूटर, इन्टरनेट लगायतका विद्युतीय वा अन्य माध्यमहरुबाट प्रकाशन, प्रशारण वा प्रदर्शन गर्नु सार्वजनिक नैतिकता, शिष्टाचार विरुद्दमा हुने, व्यक्तिलाई अपमान तथा हैरानी गर्ने, घृणा वा द्वेष फैलाई समाजमा विकृती विसंगती बढाउने हुदाँ कानूनद्वारा दण्डनीय भएकोले कसैले पनि त्यस्तो कार्यहरु नगर्न र नगराउनु हुन अनुरोध गरिएको छ।*